**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/१७**

**भाग–१**
**गुराँस गाउँपालिका**

## स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/१५

**प्रस्तावनाः** गुराँस गाउँपालिकाको बजार व्यवस्थापन गरि स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न र उपभोक्ताको मौलिक हकलाई संरक्षण तथा संम्वर्द्धन गर्न बाञ्छनिय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम "स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण ऐन,२०८०"

(ख) यो ऐन गाउँ सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "बजार अनुगमन टोली" भन्नाले गाउँ कार्यपालिकाबाट दफा ३२ बमोजिम गठन गरिएको बजार अनुगमन टोली सम्झनु पर्दछ।

(ख) "अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप" भन्नाले दफा २४ बमोजिमको क्रियाकलाप सम्झनुपर्छ।

(ग) "उपभोक्ता" भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(घ) "उपभोक्ता संस्था" भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था र त्यसको नगरस्तरीय शाखा समेतलाई सम्झनु पर्छ।

(ङ) "एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप" भन्नाले कुनै वस्तु र सेवाको उत्पादन, बिक्री वितरण गर्ने व्यक्ति, प्रतिष्ठान, समूह, संघ, महासंघ आदिले आपसमा मिली सम्झौता वा व्यवहारबाट बजारको चालिस प्रतिशत वा सोभन्दा बढी हिस्सामा गर्ने व्यापारिक कारोबार समेतलाई सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले गुरुँस गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

(छ) "गुणस्तरहीन वस्तु" भन्नाले दफा २२ (१) बमोजिम कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ :

(ज) "गुणस्तरहीन सेवा" भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दावि गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्छ।

(झ) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानून, प्रदेश कानूनद्धारा तोकिएको भए सो वमोजिम तोकिएको सम्झनुपर्छ।

(ञ) "बजार निरिक्षण अधिकृत" भन्नाले दफा ३४ वमोजिम नियुक्त गाउँपालिकाको गाउँ बजार  निरिक्षण अधिकृत सम्झनुपर्छ।

(ट) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्रि वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(ठ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा







प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ। सो शव्दले मूल्य लिई वा नलिई विक्रि वितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ।

(ड) "विक्रेता" भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सवै प्रकारका वस्तु वा सेवा बिक्रि वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

(ढ) "लेबल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको टचाग, चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले दफा ३० बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ।

(त) "सेवा" भन्नाले, विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तिय, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, कानूनी तथा चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सम्झनु पर्दछ।

(थ) "त्रुटीपूर्ण उत्पादन" भन्नाले दफा २४ बमोजिमको नभएको वस्तु वा सेवाको उत्पादन भन्ने सम्झनु पर्छ।

## परिच्छेद-२

## दर्ता, नविकरण, सिफारिस र खारेजी सम्वन्धी व्यवस्था

३. **दर्ता तथा नविकरण सम्वन्धी व्यवस्था**: (१) कानून बमोजिम व्यवसाय दर्ता, खारेजी तथा नविकरण संघिय र प्रदेश कानून अनुसार निर्माण भएको गाउँपालिकाको व्यवसाय दर्ता सम्बन्धी कानून बमोजिम हुनेछ।

४. **दर्ता तथा स्वीकृति खारेजी सम्वन्धी व्यवस्था**: (१) गाउँपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायक वा विक्रेताको दर्ता वा स्वीकृति देहायको अवस्थामा समितिले खारेज सिफारिस गर्न सक्नेछ।

(क) लगातार तीन वर्ष सम्म नविकरण नगरेमा,
(ख) उदेश्य विपरित काम गरेमा,
(ग) यस ऐन तथा नियमको उल्लंघन गरेकोमा पटक-पटक सचेत गराउँदा समेत सुधार नभएको पाइएमा,
(घ) स्वीकृति वेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोवार सञ्चालन गरेमा,
(ङ) तोकिए बमोजिमका अन्य कुराहरु नभए, नगरेमा ।

२) उपदफा (१) दर्ता वा स्वीकृति खारेजी गर्नु अघि सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ ।

३) उपदफा (१) वमोजिमको खारेजीको निर्णय उपर सम्वन्धितले थाहा पाएको एक्काइस दिन भित्र गाउँ कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

४) उपदफा (३) वमोजिम गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-३

## गुराँस बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धी व्यवस्था

**५. गुराँस बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धी गाउँपालिकाले गर्ने कार्यहरुः** (१) गाउँपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धी देहायका कार्यहरु गर्नेछ :

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानुन, मापदण्डहरु तर्जुमा गरि कार्यान्वयन र नियमन गर्ने,
(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,
(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,
(घ) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण गर्ने,
(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,
(च) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,
(छ) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,
(ज) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,
(झ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,







(ञ) उपभोक्ता सचेतना अभिबृद्धि, उपभोक्ता जागरण तथा सशक्तिकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरुक उपभोक्ता तथा नैतिकवान बिक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,
(ट) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविवखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,
(ठ) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,
(ड) स्थानीय बजार व्यवस्थापन सम्वन्धी तोकिए वमोजिमको अन्य कार्य ।

(२) उपदफा (१) वमोजिम कार्यहरु सम्पन्न गर्न गाउँ कार्यपालिकाले सरोकारवालाहरु सँगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन गर्नुपर्नेछ ।

**६. वस्तु र सेवाको विक्रि स्थल सम्वन्धी व्यवस्थाः** (१) गाउँकार्यपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा स्वीकृती प्राप्त गरेको स्थलमा वाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको विक्रि वितरण गर्न गराउन हुँदैन ।

(२) सामान्यतया वस्तु वा सेवाको अवस्था त्यसले पार्ने वातवरणीय प्रभाव, ट्राफिक व्यवस्थापन, फोहरमैला उत्पादन, विष विषादीजन्य जस्ता विषयलाई मध्यनजर गरि खास प्रकारका मालसामान वस्तु वा सेवा कस्ता ठाउँमा राखेर विक्रि वितरण गर्नेसम्वन्धी अन्य कुरा तोकिए वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा सञ्चालन तथा वस्तुको विक्रि व्यवहार गर्न गराउन हुँदैन । त्यस्तो गरे गराएमा वस्तु वा सेवाको बिक्रि कारोवार गाउँ कार्यपालिकाले जफत वा रोक्का वा सजाय गर्न सक्नेछ ।

(४) सेवा सञ्चालन तथा बिक्रि वितरण सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**७. स्थान र समय निर्धारण गर्न सक्नेः** (१) गाउँ कार्यपालिकाले वस्तु वा सेवाको विक्रि वितरणका लागि कुनै निश्चित स्थान र समय निर्धारण गर्न वा सो सम्वन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी अनुमति तथा व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान र समय निर्धारण गर्दा विद्युत, पिउनेपानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रवन्ध, बाटोघाटो, ट्राफिक व्यवस्थापन समेतलाई ध्यान दिनु पर्नेछ ।

(४) गाउँ कार्यपालिकाले निर्धारण गरेको स्थान र समय पालना नगरी वस्तु वा सेवाको विक्रि वितरण कसैले पनि गर्न गराउन हुँदैन ।

**८. स्थान उपलब्ध गराउन सक्ने:** (१) कुनै वस्तु वा सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले तोकिए वमोजिम शर्त निर्धारण गरि नगरक्षेत्र भित्र आवश्यकतानुसार सेवा सञ्चालन वा विक्रिकक्ष सञ्चालनका लागि स्थान उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँ कार्यपालिकाले उपलब्ध गराएको स्थानलाई सम्वन्धित सेवा प्रदायक वा विक्रेता आफैले प्रयोग गर्न वाहेक नगर पालिकाको स्वीकृति बेगर अरु कसैलाई सञ्चालन गर्न दिन वा सवलिजमा दिन हुदैन ।

(३) तोकिएको सर्त पुरा गरेको नपाइएमा गाउँ कार्यपालिकाले स्थान खाली गराई अर्को वास्तविक विक्रेतालाई उपलब्ध गराउनु पर्नेछ ।

**९. वातावरण सफा र स्वच्छ राख्नुपर्ने:** (१) गाउँ कार्यपालिका क्षेत्रमा कारोवार गर्ने वस्तु वा सेवाका उत्पादक, पैठारीकर्ता वा विक्रेताले गाउँ कार्यपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्नु गराउनु हुँदैन । आफ्नो अगाडीको सडक बाटो सफा राख्ने र आफुले निकालेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्वन्धित उत्पादक, पैठारीकर्ता वा विक्रेताको कर्तव्य हुनेछ ।

(२) आफुले उत्सर्जन गरेको प्रदुषणको अनुपातमा सरसफाई र स्वच्छता कायम राखि वातावरण सँरक्षणका लागि गाउँ कार्यपालिकाले तोके वमोजिम क्षतिपूर्ति दस्तुर बुझाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम प्राप्त क्षतिपूर्ति रकम गाउँ कार्यपालिकाले गाउँपालिकाको सम्पुर्ण क्षेत्रको सरसफाई र वातावरण संरक्षणमा खर्च







गर्नुपर्नेछ । तोकिए वमोजिम वाहेक कसैले फोहर गरि वातावरण विगार्ने कुनै गतिविधि सञ्चालन गरे क्षतिको मूल्याङ्कनको आधारमा गाउँ कार्यपालिकाले जरिवाना गरि क्षतिपूर्ति असुल गर्नुपर्नेछ ।

**१०. उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्ने:**

(१) प्रचलित कानूनले तोकेको मापदण्ड भित्र रही उद्योग, फर्म, व्यबसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्बाधार तयार गरी व्यबसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम मापदण्ड नतोकिएको हकमा गाउँ कार्यपालिकाले तोकेको मापदण्ड पालना गर्नुपर्नेछ ।

**११. आपुर्ति व्यवस्थापन:** (१) गाउँ कार्यपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपुर्तिको व्यवस्थापन सम्वन्धित वस्तु वा सेवाकोप्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात तथा भण्डारको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरि सो को आधारमा सम्वन्धित प्रदायक वा बिक्रेतालाई आपुर्ति व्यवस्थापनका लागि आवश्यक सहजीकरण गर्नेछ ।

(३) समितिले मागेको विवरण तोकिएको समय भित्र सम्वन्धित प्रदायक वा बिक्रेताले दिनुपर्नेछ ।

(४) आपुर्ति व्यवस्थापनमा कुनै समस्या र गुनासो भए आवश्यक सहजीकरणका लागि सम्वन्धित प्रदायक वा विक्रेताले समितिलाई जानकारी गराउनु पर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपुर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृतिम अभावको श्रृजना, जम्माखोरी, कृतिम मूल्य बृद्धि र नाफाखोरी जस्ता कार्य गर्नु गराउनु हुदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपुर्ति व्यवस्थामा गंभिर संकट वा विचलनको अवस्था आएमा गाउँ कार्यपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई नियन्त्रण गरि सहज आपुर्ति व्यवस्था नभए सम्मको लागि कुनै निजि, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको विक्रि वितरण व्यवस्था गराउन सक्नेछ ।

**१२. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सकिने:**

(१) दैनिक उपभोग्य वस्तुहरुको सहज र सुपथ उपलब्धताका लागि गाउँ कार्यपालिकाले सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसंगको सहकार्यमा सुपथ मूल्य पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ।

(२) सुपथ मुल्य पसलको मालवस्तुलाई कसैले पनि वढी मूल्यमा विक्रि गर्न गराउन हुँदैन ।

**१३. बजारको तह निर्धारण सम्वन्धी व्यवस्था:** (१) गाउँ कार्यपालिकाले उपभोक्ता हकहित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको वस्तु वा सेवाको लागि तोकिए बमोजिम बजारको तह निर्धारण गर्नेछ। तह निर्धारण गर्दा परिश्रम र लगानी नगरि मुनाफा प्राप्त गर्ने उद्देश्य रहेका कुनैपनि तह कायम गर्न गराउन हुँदैन ।

(२) तोकिए भन्दा वढी तह कायम हुने गरि कसैले पनि वस्तु वा सेवाको विक्रि व्यवहार गर्नु गराउन हुँदैन ।

**१४. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्वन्धी व्यवस्था:**

(१) गाउँ कार्यपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूचि प्रकाशित गर्न सक्नेछ ।

(२) गाउँ कार्यपालिकाले सूचिमा रहेका अत्यावश्यक वस्तु वा सेवाको अधिकतम मूल्य तोक्न सक्नेछ। गाउँ कार्यपालिका भित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न गराउन हुदैन ।

**१५. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्वन्धी व्यवस्था:**(१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ। उत्पादक, विक्रेता वा सेवा प्रदायकले खरिद विक्रि सम्वन्धी विलविजक दुरुस्त राख्नुपर्नेछ।

(२) उपभोग्य वस्तु उत्पादन गर्ने उत्पादक उद्योग भए उद्योग दर्ताको प्रमाण पत्र तथा व्यवसायको हकमा व्यवसाय दर्ता प्रमाणपत्र बिक्री स्थलमा उपभोक्ताले देख्ने गरी हरेक वस्तु वा सेवाको मूल्य सूचि राख्नु पर्नेछ।







**१६. लेबल सम्वन्धी व्यवस्था:** (१) गाउँ कार्यपालिकाभित्र प्रचलित कानून बमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिकाले लेवल नभएका वस्तुको विक्रि रोक्का गर्न वा जफत गरि नष्ट गर्न सक्नेछ ।

(३) लेवल सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**१७. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व:** गाउँ कार्यपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता र सेवा प्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पुरा गर्नुपर्नेछ।

**१८. बिल वा बिजक राख्नुपर्ने, उपभोक्तालाई विल दिनु पर्ने:** (१) वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता र बिक्रेताले बिक्री प्रयोजनको लागि खरिद गरेका वस्तु वा सेवाको उत्पादक वा खरिद बिल वा बिजक आफूसँग राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बिल वा बिजक गाउँ कार्यपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(३) वस्तु वा सेवा बिक्रि गर्दा उपभोक्तालाई विक्रेताले विल दिनु पर्नेछ ।

**१९. उपभोक्ताको अधिकारको संरक्षण:**(१) गाउँ कार्यपालिकाका प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार छ। वस्तु वा सेवाको उपभोगबाट सुरक्षित हुन पाउने, सुचित हुन पाउने, आधारभूत आवश्यकताका वस्तु वा सेवामा पहुँच पाउने वस्तु वा सेवाको उपयोग सम्वन्धी शिक्षा पाउने, छनौट गर्न पाउने, मर्काका विरुद्ध कानूनी उपचार पाउने, हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने, स्वच्छ स्वस्थ वातावरणबाट सुरक्षित हुन पाउने र उपभोक्ता सहभागिताको अधिकार हुनेछ ।

(२) उपभोक्ताको अधिकार संरक्षण गर्न गाउँ कार्यपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँ कार्यपालिकाले वस्तु र सेवाको आपुर्ति, मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदीको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन गर्ने आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

**२०. वस्तु फिर्ता सम्वन्धी व्यवस्थाः** (१) कसैले बिक्रेताबाट खरिद गरेको वस्तु चित्त नबुझेमा खरिदकर्ताले वस्तुको गुणस्तर परिमाणमा परिवर्तन गरेमा वा निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने प्रकृतिको वस्तु भए त्यस्तो अवधि व्यतित भइसकेको वस्तु भएमा वा उपभोग नगरेमा सडी गली जाने प्रकृतिको भएमा वा खरिद गरेको वस्तु प्रयोग गरि सकेको भएमा वा सिलवन्दी गरिएको वस्तुको सिलवन्दी तोडिएको भएमा वाहेक अन्य अवस्थामा उक्त वस्तु खरिद गरेको सामानको प्रकृति हेरी तिन देखी सात दिन भित्रमा फिर्ता गरि आफुले तिरेको मूल्य फिर्ता लिन पाउनेछ ।

(२) उपदफा (१) वमोजिम वस्तु फिर्ता गर्दा बिक्रेताले वस्तुको मूल्यमा कुनै कटौती गर्न पाउनेछैन । वस्तु फिर्ता गर्न नमिल्ने भए विक्रेताले खरिदकर्तालाई कारण सहितको जानकारी दिनुपर्नेछ ।

## परिच्छेद-४
## गुणस्तर सम्वन्धी व्यवस्था

**२१. वस्तु वा सेवाको गुणस्तरः** (१) गुणस्तर वा मापदण्ड तोकिएको वस्तु वा सेवाको तोकिए वमोजिमको गुणस्तरीय वस्तु वा सेवा मात्र गाउँ कार्यपालिका भित्र विक्रि व्यापार गर्न पाइनेछ ।

(२) गुणस्तर वा मापदण्ड नतोकिएका वस्तु वा सेवाको हकमा प्रदायक आफैले गुणस्तर वा मापदण्डको स्वधोषणा गरी उत्पादन, पैठारी वा बिक्रि व्यापार गर्नु पर्नेछ ।

(३) कुनै वस्तु वा सेवाको नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेको गुणस्तर वा मापदण्ड नघट्ने गरि गाउँ कार्यपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन, पैठारी तथा बिक्रि हुने वस्तु वा सेवामा स्थानीय आवश्यकता र औचित्यताका आधारमा थप गुणस्तर तोक्न सक्नेछ ।

(३) वस्तु वा सेवाको गुणस्तरका सम्वन्धमा कसैबाट गुनासो प्राप्त भए वा कुनै माध्यमबाट जानकारी हुन आए समितिले उक्त वस्तुको गुणस्तर जाँच गर्नु गराउन पर्नेछ ।

**२२. गुणस्तरहीन वस्तु र सेवाको विक्रि वितरण गर्न नहुनेः** (१) कसैले पनि गाउँ कार्यपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा विक्रि वितरण गर्न हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छः-







(क) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वासुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा बिक्रेताले तोके बमोजिमको गुणस्तर नभएको,

**२३. त्रुटिपूर्ण उत्पादन गर्न नहुनेः** (१) कसैले पनि गाउँ कार्यपालिका भित्र कुनै पनि वस्तु वा सेवाको त्रुटिपूर्ण उत्पादन, पैठारी वा विक्रि वितरण गर्नु गराउनु हुँदैन ।

(२) त्रुटिपुर्ण उत्पादन भन्नाले वस्तु वा सेवाको उपभोग गर्दा अपेक्षा गरिएको न्यूनतम सुरक्षाका उपायहरु देहायका कुनै कारणबाट नभएको सम्झनुपर्छः

(क) त्रुटिपूर्ण डिजाइन, निर्माण, प्रशोधन, मिश्रण वा जडान, त्रुटिपूर्ण, प्याकेजिङ्ग, संरक्षण वा भण्डारण

(ख) त्रुटिपूर्ण प्रस्तुति

(ग) उत्पादित वस्तु वा सेवाको प्रकृति अनुसार सम्भावित जोखिम वा खतरालाई नियन्त्रण गर्ने पर्याप्त उपाय वा पूर्व सावधानीको अभाव,

(घ) वौद्धिक सम्पत्ति भन्दा फरक वा चोरी वा नक्कल गरेको उत्पादन ।

## परिच्छद-५
## स्वच्छ बजार र उपभोक्ता हित विरुद्धका क्रियाकलापहरू

**२४. अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुनेः** (१) कसैले पनि गाउँ कार्यपालिका भित्र अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन हुदैन । स्थानीय बजारमा कसैले देहायको कुनै काम गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछः-

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्रि गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर,मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(२) पुर्ननिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाइ वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुठ्ठा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार विना नै त्यस्तो वस्तुको दावी वा प्रत्याभुति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्नेगरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानी नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा संचय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित संचय वा कृतिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा बिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,







(झ) सक्कली वस्तुलाई विस्थापित गर्ने नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको विल वा विजक जारी गर्न इन्कार गर्ने वा विल वा बीजक जारी नगर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानी नोक्सानी वा क्षति पुग्नेगरि बिषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, संचयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिए भन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

(थ) कुनै वस्तु वा सेवा बिक्रि वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पुरा नगरि बिक्रि गर्ने ।

**२५. माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने** : कसैले पनि कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र प्रचलित कानूनले तोके बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्नु हुँदैन । कसैले कुनै व्यक्ति, संस्था वा अन्य कसैसँग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न समेत हुँदैनः-

(क) कुनै उपभोग्य वस्तुको उत्पादनका लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने,

(ग) निर्धारित समय वा स्थानमा मात्र उपभोग्य वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै काम गर्ने ।

२६. **उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य काम**: कसैले पनि कुनै उपभोग्यवस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) कमसल उपभोग्य वस्तुको जानी जानी उत्पादन, बिक्री वा पैठारी गर्न,

(ख) कुनै उपभोग्य वस्तुको नक्कली वस्तु उत्पादन वा पैठारी गरी उपभोक्तालाई झुक्याउन,

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा न्यूनस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न,

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रमात्मक सूचना प्रचार प्रसार गर्ने वा विज्ञापन गर्न,

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न,

(च) एकै प्रकृतिका विभिन्न वस्तु उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारी वा व्यापारिक समूहहरू मिली त्यस्तो उपभोग्य वस्तुको अभाव सिर्जना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न,

(छ) एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलोमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा संचालन गर्न,

(ज) एउटा उपभोग्य वस्तु खरिद गर्दा अर्को उपभोग्य वस्तु पनि खरिद गर्न पर्ने व्यवस्था गर्न,

(झ) तोकिए बमोजिमका अन्य काम गर्न ।







२७. **स्वच्छ प्रतिस्पर्धामा अवरोध गर्न नहुने**: कसैले पनि गाउँ कार्यपालिका क्षेत्र भित्र स्वच्छ बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुऱ्याउने कुनै प्रकारका कार्य गर्न वा गराउन हुदैन ।

## परिच्छेद-६

## कसुर र सजाय सम्वन्धी व्यवस्था

२८. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको विरुद्धमा गर्न नहुने कामहरुः**

(१) कसैले गाउँ कार्यपालिका क्षेत्रभित्र देहायका काम कारवाही गरेको पाइएमा समितिले यस ऐन अन्तरर्गत कसुर गरेको मानि पाँच हजार देखि एकलाख रुपैयाँ रुपैयाँ सम्म सजाय गर्न सक्नेछः-

(क) दर्ता, स्वीकृत र नबिकरण नगरी व्यबसाय सञ्चालन गरेमा,

(ख) स्वीकृत प्राप्त गरेको स्थलमा वाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको विक्रि वितरण गरे गराएमा,

(ग) निर्धारण गरेको स्थान र समय पालना नगरि वस्तु वा सेवाको विक्रि वितरण गरे गराएमा,

(घ) गाउँ कार्यपालिकाले उपलब्ध गराएको स्थानलाई गाउँ पालिकाको स्वीकृति बेगर अरु कसैलाई सञ्चालन गर्न दिन वा लिजमा दिए दिलाएमा,

(ङ) वस्तु वा सेवाका उत्पादक, पैठारीकर्ता वा विक्रेताले गाउँ कार्यपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गरे गराएमा,

(२) देहाय वमोजिम कसुर गरेमा तोकिएको निकाय वा अधिकारीले तीन महिनादेखि छ महिनासम्मको कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवैसजाय गर्न सक्नेछ ।

(क) लेबलिङ नगरेमा वा लेबलमा झुटा कुरा उल्लेख गरेमा,

(ख) वस्तु फिर्ता नगरेमा वा वस्तुको मूल्यमा रकम कटौती गरि वस्तु फिर्ता गरेमा,

(ग) अत्यावश्यक वा अधिकतम खुद्रा मूल्य तोकिएको वस्तु वा सेवा तोकिएको मूल्य भन्दा वढी हुने गरि बिक्रि गरे गराएमा,

(३) दफा २७ वमोजिम उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने काम कारवाही गरेमा तोकिएको निकाय वा अधिकारीले तीन महिनादेखि एक वर्ष सम्म कैद वा वा एक लाख रुपैयाँ देखी तीनलाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय गर्न सक्नेछ ।

(४) तोकिएको निकाय वा अधिकारीले गरेको निर्णय चित्त नबुझे उपभोक्ता अदालत समक्ष पुनरावेदन दर्ता गर्न सक्नेछ ।

(५) बजार अनुगमन तथा सुपरिवेक्षण क्रममा तत्काल प्राप्त प्रमाणबाट देहायको कुनै कसुर गरेको पाइएमा निजलाई तत्काल सोही स्थानमा समिति वा बजार अनुगमन समिति वा नगर बजार निरिक्षण अधिकृतले देहाय वमोजिम सजाय गर्न सक्नेछ ।

(क) बिल बिजक नराखेमा पाँच हजार रुपैया देखि विस हजार रुपैया सम्म,

(ख) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गरेमा पाँचसय देखी दुई लाख सम्म,

(ग) कुनै वस्तुको कृतिम अभाव, मूल्यबृद्धि जम्माखोरी वा कृत्रिम मूल्य बृद्धि गरि बिक्रि व्यवहार गरेमा, बिक्री गरेको वस्तु वा सेवाको विल वा विजक जारी गर्न इन्कार गर्ने वा विल वा वीजक जारी नगरेमा, उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गरेमा अधिकत्तम तिनलाख रुपैयाँ सम्म,

(६) उपदफा (५) वमोजिम नगर बजार निरिक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले सातदिन तोकिएको निकाय वा अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ । गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) अन्य दफाहरुमा जेसुकै लेखिएता पनि यस ऐन वमोजिम बजार अनुगमनका क्रममा गम्भिर प्रकृतिको कसुरमा वाहेक कम जरिवानासम्म हुनसक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिवद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगर बजार निरिक्षण अधिकृतले एउटा प्रदायकलाई वढीमा फरक फरक प्रकृतिको कसुरगरि वढीमा २ पटकसम्म सुधार गर्ने मौका प्रदान गरि कारवाही स्थगन गर्न सक्नेछ ।







(८) उत्पादक, पैठारीकर्ता, ढुवानिकर्ता, सञ्चयकर्ता ,बिक्रेता वा सेवाप्रदायक तोकिए वमोजिमको आपनो दायित्व पुरा नगरेमा वा दायित्वको उलंघन हुने काम गरेमा वा दफा २५ को खण्ड (क) बमोजिमको माग, आपुर्ति वा मुल्यमा प्रतिकुल प्रभाव पार्ने काम गरे वा गराएमा तोकिए बमोजिम हुनेछ ।

(९) दफा २४ को खण्ड (ख) (ग) (घ) (ङ) (च) (ज) (झ) (ट) (ड) (ढ) (त) वा (थ) बमोजिमको अनुचित ब्यापारिक क्रियाकलाप गरे वा गराएमा तोकिए बमोजिम हुनेछ ।

(१०) तोकिएको सजाय वाहेक यो ऐन वा यस अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारवाही गर्ने गराउनेलाई तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा ८,९,१० वमोजिमका मुद्दाहरु उपभोक्ता अदालतमा दायर हुनेछन् । उपभोक्ता अदालतले गरेको निर्णय चित्त नबुझे चित्त नबुझ्ने पक्षले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-७
## बजार व्यबस्थापन तथा उपभोक्ता हित संरक्षण समिति र अनुगमन सम्वन्धी व्यवस्था

**२९. बजार व्यबस्थापन तथा उपभोक्ता हित संरक्षण समितिः** (१) यस ऐन कार्यान्वयन गर्न गाउँ कार्यपालिकामा देहाय बमोजिमको बजार व्यबस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछः-

(क) गुरौँस गाउँ कार्यपालिकाका उप-प्रमुख - संयोजक
(ख) कार्यपालीकाले तोकेको एक जना महिला सदस्य सहित दुई जना कार्यपालिका सदस्य - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) जिल्ला प्रशासन कार्यालय,दैलेखको अधिकृत प्रतिनिधी - सदस्य
(ङ) सम्बन्धित जिल्लाको उद्योग बाणिज्य संघ अध्यक्ष - सदस्य
(च) उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाको गाउँ अध्यक्ष - सदस्य
(छ) कानुन शाखा प्रमुख - सदस्य
(ज) निरिक्षण अधिकृत - सदस्य
(झ) स्थानीय प्रहरी प्रमुख - सदस्य
(ञ) ट्रफिक प्रहरी प्रमुख - सदस्य

(ट) गाउँ कार्यपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख - सदस्य सचिव

(२) बैठकमा आवश्यकता अनुसार विषयगत क्षेत्रका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) को नियुक्ति र पदावधि तथा समितिको बैठक सम्बन्धी कार्यबिधी तोकिए बमोजिम हुनेछ ।

३०. **समितिका काम कर्तब्य र अधिकार**: (१) समितिका काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्वन्धी आबश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिष्पर्धी बनाउन उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन गरी माग वमोजिम आपुर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपुर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागू गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सुचना प्राप्त गर्न नगर उपभोक्ता हटलाईन जस्ता सेवा सञ्चालन गरि उपभोक्तालाई गुनासो गर्न सहज सुलभ वनाई तिनलाई जायज गुनोसो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) गुराँस गाउँ कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,







(ञ) उपभोक्ता हित विपरीत भएका कार्यमा आवश्यक कानुनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) गाउँ कार्यपालिका भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपुर्ति व्यवस्थापन गर्ने गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रुपमा खाद्यान्न लगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाँउ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिणाम तोक्ने,

(ण) गुराँस गाउँपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरीतोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरि सर्वसाधारणलाई बिक्रि वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ) उपभोक्ताको हक हित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सृजनागर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरि कारवाही गर्ने,

(न) आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प) गाउँ कार्यपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरुलाई बजार अनुगमन गर्न अनुरोध गर्ने ।

(न) समितिका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारवाहि भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा पठाउनु पर्नेछ । सम्वन्धित निकायले पनि सो सम्वन्धमा भएको काम कारवाहीको जानकारी समितिलाई गराउनु पर्नेछ । समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन वमोजिम निरिक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

**३१. बजार अनुगमन समिति गठनः** (१) उपभोक्ता अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपुर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्वन्धी विषयमा स्थलगत सुपरिवेक्षण तथा अनुगमनका लागि समितिले गाउँ कार्यपालिकाका विषयगत निकाय तथा उपभोक्ता हित संरक्षणका क्षेत्रमा क्रियाशिल उपभोक्ताको समेत प्रतिनिधित्व हुने गरि बजार अनुगमन समिति गठन गर्नेछ ।

(२) बजार अनुगमन समितिले आवश्यकता अनुसार बजारको सुपरिवेक्षण तथा अनुगमन गर्न सक्नेछ ।
अनुगमन गर्दा यस ऐन वमोजिम निरिक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित बजार अनुगमन समितिको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३२. बजार अनुगमन टोलीको गठन** : (१) यस ऐन वमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूचि राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्वन्धमा नियमित रुपमा बजार अनुगमन तथा निरिक्षण गर्न वस्तु वा सेवाको क्रियाकलाप, प्रतिकूल देहाय बमोजिमको गुराँस बजार अनुगमन टोली गठन गर्नेछः-







(क) गाउँ कार्यपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाको प्रमुख - संयोजक
(ख) सम्बन्धित वडा समितिको कार्यालयले अनुगमनका लागि तोकेको कर्मचारी - सदस्य
(ग) स्थानीय प्रशासनको प्रतिनिधि - सदस्य
(घ) स्थानीय सुरक्षा निकाय (प्रहरी) को प्रतिनिधि - सदस्य
(ङ) उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाको नगर अध्यक्ष - सदस्य
(च) सम्बन्धित जिल्लाको उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना - सदस्य
(छ) पत्रकार महासंघ स्थानीय शाखाका प्रतिनिधि एक जना - सदस्य
(ज) अनुगनमन गरिने सम्वन्धित वस्तु वा सेवा क्षेत्रको प्रतिनिधी - सदस्य
(झ) निरिक्षण अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन वमोजिम निरिक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) अनुगमन टोलीले अनुगमन गरिएको पसल, होटल, उद्योग, फर्म, कम्पनीमा पहिलो पटक अनुगमन गर्दा निम्न अनुसारको स्टिकर टाँसी अनुगमन पश्चात् सबैले देख्ने स्थानमा टाँस गर्न सक्नेछ ।

(क) कुनै खरावी र कमजोरी नपाइएमा, हरियो स्टिकर (गोलो भित्र "धन्यवाद" लेखिएको)
(ख) दर्ता नगरि संचालन गरिएका उद्योग व्यवसायहरुको हकमा,पहँलो स्टिकर (गोलो भित्र "दर्ता प्रकृयामा सामेल हुनुहोला" लेखिएको)
(ग) त्रुटी सच्याउनु पर्ने देखिएमा, रातो स्टीकर (गोलो भित्र "सचेत रहनु होला" लेखिएको)
(घ) सजाय गर्नु पर्ने हकमा, कालो स्टिकर (गोलो भित्र "आइन्दा गल्ती नगर्नु होला" लेखिएको)

(३) अनुगमन टोलीले अनुगमन गर्दा अनुगमन गरिने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३३. निरिक्षण अधिकृतको नियुक्ती**: (१) गाउँ कार्यपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार सुपरिवेक्षण अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न गाउँ कार्यपालिकाले कुनै अधिकृत कर्मचारीलाई निरिक्षण अधिकृतको रुपमा नियुक्ति गर्न सक्नेछ ।

(२) निरिक्षण अधिकृतको नियुक्ती काम कर्तव्य अधिकार, योग्यता निरिक्षण अधिकृतले निरिक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३४. आचार संहिता**: अनुगमन गर्दा पालना गर्नुपर्ने आचार संहिता प्रचलित नेपाल कानून वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८
## उजुरी, कारवाही सम्बन्धी व्यवस्था

**३५. उजुरी दिन सक्ने**: (१)बजार व्यबस्थापन सम्बन्धी वा उपभोक्ताको हित विपरीत व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्ति वा संस्थाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति, बजार अनुगमन समिति बा बजार अनुगमन टोली समक्ष मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गरिने छ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा .समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एक आपस समन्वय गरि अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाइनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ,







**३६. अनुसन्धान र दायरी**: (१) यस ऐन बिपरीत कसैले कुनै कार्य गरेमा निरिक्षण अधिकृतले मुद्दाको अनुसन्धान गर्नेछ ।

(२) अनुसन्धान कार्य सम्पन्न भईसकेपछि मुद्दा चलाउने सम्वन्धमा निर्णयका लागि सरकारी वकिलमा लेखि पठाउनु पर्नेछ । सरकारी वकिलबाट मुद्दा दर्ता गर्नेगरि निर्णय भई आएपछि निरिक्षण अधिकृतले मुद्दा दायर गर्नेछ ।

**३७. नेपाल सरकार बादी हुने**: यस ऐन अन्तरर्गतका मुद्दामा वादी नेपाल सरकार हुनेछ ।

**३८. संक्षिप्त कार्यविधि अपनाउनुपर्ने** : यस ऐन वमोजिमको मुद्दाको कारवाही किनारा संक्षिप्त कार्यविधी ऐन २०२८ वमोजिम हुनेछ । तर तिनवर्ष माथि सजाय हुने मुद्दामा सामान्य कानून वमोजिम कार्यविधि अपनाउनुपर्नेछ ।

**३९. यसै ऐन वमोजिम हुने**: यस ऐनमा लेखे वमोजिको कुरा यस ऐन वमोजिम र अन्य कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

**४०. प्रचलित कानून वमोजिम मुद्दा चलाउन बाधा नपुग्ने**: यस ऐन वमोजिम कसुर ठहर्ने कसुर अन्य कानूनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानून वमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

**४१. सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने**:(१) यस ऐन वमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको विगोको दश प्रतिशत वा दशलाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ ।

(२) यस ऐन वमोजिमको कसुरका सम्वन्धमा सहि सूचना दिने र अनुसन्धान काम कारवाहीमा सहयोग पुर्‍याउने व्यक्ति वा संस्थालाई सूचना संकलन गर्दा वा सूचना दिदा लागेको उचित खर्च रकम गाउँ कार्यपालिकाले प्रोत्साहन स्वरुप दिनेछ ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्वन्धी विवरण गोप्य राखिनेछ ।

## परिच्छेद-९

## विविध

**४२. पिडीत उपभोक्ताले क्षतिपूर्ति भराई लिन पाउने**: यस ऐन विपरित वस्तु वा सेवा विक्रि वितरण वा प्रदान वा त्रुटिपूर्ण उत्पादनबाट कुनै उपभोक्तालाई शारिरिक मानसिक, आर्थिक भौतिक वा अन्य किसिमको हानि, नोक्सानी वा क्षति पुग्न गएमा उपभोक्ता स्वयंम वा निजको तर्फबाट उपभोक्ता संस्था वा निज उपभोक्ता असक्षम भएमा वा निजको मृत्यु भएमा हकवालाले सम्वन्धित प्रदायक उपर हानि नोक्सानी क्षति पुगेको थाहा पाएको छ महिना भित्र उजुर गरि क्षतिपूर्ति भराई लिन पाउने छ ।

**४३. मेलमिलाप गर्न सक्ने** : (१) यस ऐन वमोजिम प्रदायकबाट भएको कसुरजन्य काम कारवाहीबाट मर्कापर्ने उपभोक्ताले आफुलाई परेको हानी नोक्सानीको क्षतिपूर्ति मेलमिलापका माध्यमद्धारा भराई विवाद समाधान गरि पाउँ भनि स्थानीय न्यायिक समितमा निवेदन गर्न सक्नेछ । स्थानीय न्यायीक समितिमा प्राप्त निवेदन उपर न्यायिक समितिबाट मेलमिलापको माध्यमबाट उपभोक्तालाई क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) क्षतिपूर्ति सम्वन्धि विवादमा मेलमिलाप सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

**४४. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट**:

(क) गाउँ कार्यपालिकाले आफ्नो स्रोत, साधन र जनशक्ति प्रयोग हुने गरी बजार व्यबस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिबृद्धिको लागि आवश्यक कार्यक्रम र बजेट बार्षिक कार्यक्रममा समावेश गर्नेछ ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकार वा अन्य साझेदार संस्थाबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

**४५. स्थानीय प्रशासनको कर्तव्य**:समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु कर्तव्य हुनेछ ।







**४६. असल नियतले गरेका काम बचाऊ**: यस ऐनबमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारवाही हुने छैन ।

**४७. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने** : यस ऐनलाई प्रभावकारी रुपमा कार्यान्वन गर्न गाउँ कार्यपालिकाले नियमावली तथा नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**